नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरवार, काठमाण्डौ
(सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखा)

फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:- ०६२/७४

चलानी नं.:- ६६

मिति २०७४।३।२३

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु (सबै) ।

श्री महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरु (सबै) ।

विषय: आ. व. २०७४/७५ मा सामाजिक परिचालन कार्यक्रम सम्वन्धमा |

प्रस्तुत सम्वन्धमा यस मन्त्रालयले सरकारी स्रोत तथा विकास साझेदारहरुको समेत सहयोगमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) मार्फत विगत ९ (नौ) वर्षदेखि तत्कालिन सवै स्थानीय निकायहरुमा सामाजिक परिचालन कार्यक्रम संचालन गर्दै आएको व्यहोरा अवगत नै छ | LGCDP-II अन्तर्गत सामाजिक परिचालन कार्यक्रमको अवधि २०७४ असार मसान्तसम्म मात्र रहेको र नयाँ कार्यक्रम तर्जुमा नभएसम्मका लागि हाललाई सामाजिक परिचालन कार्यक्रम २०७४ कार्तिक मसान्तसम्मका संचालनको विकास साझेदारहरुसँग संझौताको प्रक्रियामा रहेकोले हाल देहाय बमोजिम कार्यान्वयन हुन नेपाल सरकार (मा. उपप्रधानमन्त्रीस्तर) को मिति २०७४।३।२३ को निर्णय अनुसार अनुरोध गर्दछु :

१. सामाजिक परिचालन कार्यक्रमलाई प्राविधिक रुपमा सहजीकरण गर्न परिचालन गरिएका *स्थानीय सेवा प्रदायक* संस्थाहरुको कार्य सम्पादन मुल्यांकन गरी प्रभावकारी सेवा दिएका स्थानीय सेवा प्रदायक संस्थाहरुसंग साविककै सेवा र शर्तहरुको अधिनमा रही २०७४ श्रावणदेखि २०७४ कार्तिक मसान्तसम्म (चार महिना)कालागि सम्झौता गर्ने | *स्थानीय सेवा प्रदायक* संस्था मार्फत हाल कार्यरत रहेका सामाजिक परिचालकहरु सम्वन्धित संस्थावाट कार्य सम्पादन स्तर मुल्यांकन गराई प्रभावकारी कार्य सम्पादन भएका *सामाजिक परिचालक*हरुलाई २०७४ श्रावणदेखि २०७४ कार्तिक मसान्तसम्म (चार महिना) का लागि साविक बमोजिम परिचालन गर्ने व्यवस्था मिलाउने | यस प्रयोजनकालागि *स्थानीय सेवा प्रदायक संस्था* र *सामाजिक परिचालक*का लागि आवश्यक पर्ने बजेट उपर्युक्त संझौता सम्पन्न भएपछी मन्त्रालयवाट गाउँपालिका तथा नगरपालिकालाई उपलब्ध गराइनेछ |

२. *स्थानीय सेवा प्रदायक संस्था* छनोट हुन नसकेका जिल्ला, गाउँपालिका र नगरपालिका अन्तर्गत कार्यरत सामाजिक परिचालकहरुको हकमा सम्वन्धित गाउँपालिका तथा नगरपालिकावाट निजहरुको कार्यसम्पादन मुल्यांकन गरी प्रभावकारी कार्य सम्पादन भएका सामाजिक परिचालकहरुलाई २०७४ श्रावणदेखि २०७४ कार्तिक मसान्तसम्म (चार महिना) का लागि निजहरुलाई साविक बमोजिम परिचालन गर्ने व्यवस्था मिलाउने । यस प्रयोजनका *सामाजिक परिचालक*का लागि आवश्यक पर्ने बजेट उपर्युक्त संझौता सम्पन्न भएपछी मन्त्रालयवाट गाउँपालिका तथा नगरपालिकालाई उपलब्ध गराइनेछ |

३. सामाजिक परिचालक रिक्त रहेका भए रिक्त पद पदपूर्ति नगर्ने र स्थानीय सेवा प्रदायक संस्था पनि रिक्त रहेको भए छनोट नगर्ने |

तर स्थानीय तहले स्रोत व्यवस्था गरी सभाबाट सामाजिक परिचालन सम्बन्धी कार्यक्रम वा योजना संचालन गर्न वाधा पर्ने छैन् ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

४. स्थानीय तहको संख्या र सीमाना निर्धारणका क्रममा *स्थानीय सेवा प्रदायक संस्थाह*रुको कार्य क्षेत्र हेरफेर भएको भए सो को मिलान गर्न यस मन्त्रालयवाट मिति २०७३।१२।१३ मा गरिएको (संलग्न) परिपत्र अनुसार जिल्ला तथा नगर सामाजिक परिचालन समन्वय समितिवाट कार्य क्षेत्र मिलान गरिएको भए सोहि अनुसार र कार्य क्षेत्र मिलान गर्न बाँकी रहेको भए जिल्ला समन्वय समितिवाट २०७४ असार मसान्त भित्र कार्य क्षेत्र मिलान गर्ने ।

५. नागरिक सचेतना केन्द्रको हकमा यसको उद्देश्य अनुकूल संचालनको आवश्यकता एवं औचित्य स्थानीय तहबाटै निर्धारण गर्ने र स्थानीय तहले आवश्यक देखेमा आँफै स्रोत व्यवस्था गरी संचालनको व्यवस्था मिलाउन सक्ने ।नागरिक सचेतना केन्द्रको लागि आ.व. २०७४/०७५ का लागि बजेट बिनियोजन नभएको ।

६. वडा नागरिक मंचको हकमा परिवर्तित सन्दर्भमा निरन्तरता दिने वा नदिने विषय स्थानीय तहले आँफै निर्धारण गर्ने । यदि निरन्तरता दिन आवश्यक भएमा नागरिक मंचको रुपमा राख्ने र स्थानीय तहले आँफै स्रोत व्यवस्था गर्ने । वडा नागरिक मंचको लागि आ.व. २०७४/०७५ मा बजेट बिनियोजन नभएको ।

७. यस प्रयोजनको लागि जिल्ला समन्वय समितिलाई अनुगमन तथा मूल्याकन प्रयोजनको लागि मंन्त्रालयबाट बजेट उपलब्ध गराईने ।

*<u>वोधार्थ तथा कार्यार्थ :</u>*

- श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, बबरमहल ।
- श्री प्रादेशिक सहयोग इकाइ (Provincial Support Unit – PSU), स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम – सबै ।

०७४।३।२३

(सुमन घिमिरे)

उप-सचिव

उप-सचिव

नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

(सामाजिक परिचालन तथा गै.स.स समन्वय शाखा)

पत्र संख्या:- ०७३/७४

चलानी नं.:- ५३

मिति : २०७३।१२।१३

श्री जिल्ला समन्वय समितिको कार्यालय- सबै

श्री महानगरपालिका, उपमहानगरपालिका नगरपालिका तथा गांउपालिकाको कार्यालय -सबै

विषय : सामाजिक परिचालन कार्यक्रमको व्यवस्थापन संबन्धमा ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट देशव्यापी रुपमा सञ्चालनमा रहेको सामाजिक परिचालन कार्यक्रमलाई अर्को निर्णय नभएसम्मका लागि देहाय अनुसार सञ्चालन गर्ने गराउने व्यवस्था लागि निर्णयानुसार अनुरोध छ ।

तपशिल

१.कार्यक्रम अन्तरगत गठित नागरिक सचेतना केन्द्रहरुलाई पूर्ववत रुपमा सहजिकरणमा निरन्तरता दिने व्यवस्था मिलाउने ।

२.सेवा प्रदायक संस्थाबाट खटाइएका सामाजिक परिचालकहरुको मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधाहरु पूर्ववत रुपमा जिल्ला समन्वय समिति तथा नगरपालिकाहरुबाटै उपलब्ध गराउने व्यवस्था मिलाउने।

३. स्थानीय सेवा प्रदायक संस्थाका हकमा नगरपालिकामा गाभिएका गांउ विकास समितिहरु नगरपालिका अन्तर्गतकै सेवाप्रदायक संस्थाबाट र गांउपालिकाको हकमा सम्भव भएसम्म पायक पर्ने गरी जिल्ला तथा नगर सामाजिक परिचालन समितिले आवश्यक निर्णय गरी कार्यक्षेत्र पुर्नमिलान गर्नसकिने ।

४. वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रहरुलाई दिइनुपर्ने बाकी भुक्तानी जिल्ला समन्वय समितिबाट सम्बन्धित गांउपालिका तथा नगरपालिकाको खातामा जम्मा गरी नागरिक मञ्च वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउने ।

५. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत वार्षिक कार्ययोजनको १.२.२ मा क्षमता विकासका लागि विनियोजित रकम नागरिक सचेतना केन्द्रका सदस्यहरुका लागि आय आर्जन, व्यवसाय प्रवर्द्धन, सहकारी शिक्षा, कार्यमूलक समूहमा आवद्धता, जस्ता क्षमता विकासका क्षेत्रमा परिचालन गर्ने व्यवस्था मिलाउने ।

६.गरीबीका अन्तरनीहित कारणहरुको विश्लेषण तथ्यांकलाई स्थानीय सेवा प्रदायक संस्थाको सहयोगमा गांउपालिका तथा नगरपालिका स्तरीय प्रतिवेदन तयार गर्ने ।

७. माथि उल्लेखित व्यवस्थाहरु कार्यान्वयन तथा सहजिकरणका लागि आवश्यकता अनुसार सम्बन्धित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रीय समन्वय इकाईसंग समन्वय गर्ने ।

बोधार्थ :

श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, क्षेत्रीय समन्वय इकाई- सबै

श्री सुचना तथा विद्युतिय शासन शाखा : वेभसाईटमा अपलोडको लागि ।